# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail: info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०८०/०८१
च.नं:

## अटो तथा ई-रिक्सा दर्ता तथा सूचिकृत गर्ने सम्वन्धी सूचना

( प्रथम पटक प्रकाशन मिति : २०८०/११/२९ गते)

नेपाल संवतः ११४४ चिल्लाथ्व, २ मंगलवार

प्रस्तुत विषयमा माण्डवी गाउँपालिकाको क्षेत्रभित्र संचालनमा रहेका अटो तथा ई- रिक्साहरु **माण्डवी गाउँपालिकाको अटो रिक्सा व्यवस्थापन कार्यविधि, २०८०** को परिच्छेद ५ मा यातयात कार्यालयमा दर्ता एवं नवीकरण भई सञ्चालनमा गरेमा गाउँपालिकामा वार्षिक रुपमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ (१) क बमोजिम गाउपालिकाले तोकेको वार्षिक सवारी कर तिरी दर्ता हुनुपर्ने कानुनी व्यवस्था भए बमोजिम यस क्षेत्रमा विभिन्न रुटमा सञ्चालित अटो तथा ई- रिक्साहरु सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलका आवश्यक कागजात सहित दर्ता/सूचिकृतको लागि निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै तोकिएको समयसिमा भित्र दर्ता / सूचिकृतको लागि निवेदन नदिइ सञ्चालन गरेमा यस कार्यालय जवाफदेही नहुने र कानुन बमोजिम कारवाही गरिने व्यहोरा सुचित गरिन्छ ।

**तपसिल:**

१. गाउँपालिकाले तोकेको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन,
२. सवारी साधन धनी व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र,
४. यातायात कार्यालयमा दर्ता भएको प्रमाणपत्र,
५. सवारी कर चुक्ता र सवारी धनी प्रमाणपत्रको प्रतिलिपि,
६. नियमित सवारी जाँच गराएको प्रमाणपत्रको प्रतिलिपि,
७. सवारी साधनको इन्जिन र च्यासिस नम्बर समेत स्पष्ट देखिने फोटो,
८. सवारी साधन दर्ता प्रमाण (बिल बुक),
९. सवारी चालकको अनुमति पत्र (लाइसेन्स),
१०. वीमा सम्बन्धी कागजात
११. सवारी कर, आयकर तिरेको रसिद,
१२. सवारी धनी स्वयं उपस्थित भई सवारी साधन कार्यालयमा ल्याई चेकजाँच गराउनुपर्नेछ ।

**थप जानकारीका लागि: ९८५७८३६००६ मा सम्पर्क गर्न सकिनेछ ।**

२०८०/११/२९

...................
प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत